# प्रादेशिक विपद् प्रतिकार्य कार्यढाँचा, २०८०

## (Provincial Disaster Response Framework, 2080)

सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय

## विषयसूची

भाग – १......................................................................................१
१. पृष्ठभूमिः .....................................................................................१
२. नेपालमा विपद् जोखिमको अवस्थाः...........................................................१
३. सुदूरपश्चिम प्रदेशमा विपद् जोखिमको अवस्थाः..............................................२
(क) आगलागी तथा वन डढेलो..................................................................२
(ख) बाढी तथा डुबान..............................................................................२
(ग) चटयाङः.........................................................................................३
(घ) पहिरोः..........................................................................................३
(ङ) हावाहुरी.......................................................................................३
(च) महामारी........................................................................................३
(छ) भूकम्प.........................................................................................४
४. उद्देश्य..........................................................................................४
५. कार्यक्षेत्रः.......................................................................................५
६. विपद् प्रतिकार्य सम्बन्धी नीति तथा कानुनी व्यवस्थाः........................................६
भाग – २......................................................................................९
७. संघीय सहयोगको परिचालन, समन्वय र सहजीकरणः.............................................९
८. अन्तरराष्ट्रिय सहयोगको परिचालन, समन्वय र सहजीकरणः......................................९
१०. प्रदेश विपद् प्रतिकार्यको स्वरूप :..........................................................१५
भाग – ३......................................................................................२७
११. विपद् प्रतिकार्य पूर्वतयारी कार्ययोजनाः....................................................२७
११.१. प्रदेशविपद् पूर्वतयारी कार्ययोजनाः.......................................................२७
१२ .जिल्ला तथा स्थानीय विपद् प्रतिकार्य कार्ययोजनाः...........................................३२
१३. प्रदेश–प्रदेशबीचको समान्वय, सहकार्य र सहजीकरणः......................................३२
१४. आदेश तथा निर्देशनको पालनाः.............................................................३२
References :...................................................................................३३
अनुसूची.......................................................................................३४

अनुसूची १: समीक्षा गरिएका दस्तावेजहरूको सूची (A list of the documents reviewed) ...................... ३४
अनुसूची २: प्रदेश विपद्कार्यकारी समितिबाट अन्तरराष्ट्रिय निकायहरूले गर्ने प्रतिकार्यको समन्वय, सहजीकरण र सहकार्य सामान्यतया देहाय बमोजिम हुनेछ। ................................................................ ३५
अनुसूची – ५: प्रदेश–प्रदेशबीचको समन्वय, सहकार्य र सहजीकरण............................................ ३९

## सुचि सँक्षेप **List of Abbreviations**

- APF: Armed Police Force
- CCCM: Camp Coordination and Camp Management
- EOC: Emergency Operation Center
- FAO: Food and Agriculture Organization
- GIS: Geographic Information System
- IFRC: International Federation of Red Cross and Red Crescent Societies
- IOM: International Organization for Migration
- INSARAG: International Search and Rescue Advisory Group
- OSOCC: On-Site Operation Coordination Center
- MNMCC: Multinational Military Coordination Center
- NACRIMAC: Nepali Army Crisis Management Center
- NA: Nepal Army
- NEOC: National Emergency Operation Center
- PEOC: Province Emergency Operation Center
- NP: Nepal Police
- SMS: Short Message Service
- SOP: Standard Operating Procedure
- Sub-OSOCC: Sub-On-Site Operation Coordination Center
- Sub-MNMCC: Sub-Multi-national Military Coordination Center
- UNICEF: United Nations Children's Fund
- UNDP: United Nations Development Programme
- UNDAC: United Nations Disaster Assessment and Coordination Team
- UN Habitat: United Nations Habitat
- UNHCR: United Nations High Commissioner for Refugees
- UNFPA: United Nations Population Fund
- SC: Save the Children
- WASH: Water, Sanitation and Hygiene
- WFP: World Food Programme
- WHO: World Health Organization

# भाग - १

## १. पृष्ठभूमिः

सुदूरपश्चिम प्रदेशमा हरेक वर्ष निरन्तर दोहोरिरहने बाढी, पहिरो, भूकम्प, आगलागी एवं महामारी लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट मानव तथा जीवजन्तुको जीउज्यान र सार्वजनिक, निजी सम्पत्ति, सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न संघीय शासन प्रणालीअनुरूप प्रदेश स्तरमा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा (National Disaster Response Framework-PDRP) अनुकूल हुने गरी विपद्पूर्वको तयारी, प्रतिकार्य, पुनःस्थापना र पुनर्लाभ व्यवस्थापन लगायतका कार्यहरू समन्वयात्मक र प्रभावकारी रूपमा गर्न प्रादेशिक विपद् प्रतिकार्य कार्यढाँचा (Provincial Disaster Response Framework) बनाई कार्यान्वयन गर्न आवश्यक देखिएको हुँदा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को खण्ड (क) बमोजिम प्रदेश विपद् व्यवस्थापन परिषद्द्वारा स्वीकृत गरी जारी गरिएको छ ।

## २. नेपालमा विपद् जोखिमको अवस्था:

नेपाल कमजोर भौगर्भिक (Geological) तथा भू-धरातलीय (Terrestrial) बनोट, सक्रिय भूकम्पीय क्षेत्र एवं गतिशील पर्वतीय शृङ्खला, मौसमी विषमता तथा जलवायु परिवर्तनका (climate change) कारणले गर्दा विभिन्न प्रकारका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट अत्यधिक जोखिममा रहेको मुलुकमा पर्दछ । प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन, वन फँडानी, वातावरणीय ह्रास तथा अव्यवस्थित शहरीकरणले गर्दा नेपालमा प्रकोपको जोखिम अत्यधिक मात्रामा बढ्दै गएको देखिन्छ । विश्वव्यापी जलवायु परिवर्तनले अधिकांश क्षेत्रलाई असर गर्ने र विपद्को अवस्था थप बिग्रन सक्ने चुनौतीपूर्ण अवस्था रहेका कारण देशको कुल जनसंख्याको करिब ८० प्रतिशतभन्दा बढी जनसंख्या प्राकृतिक प्रकोपको जोखिममा रहेका छन् (यू.एन.डी.पी, २०१७)। उदाहरणका लागि नेपालमा हरेक वर्ष औसत ५०० भन्दा बढी विपद्का घटना हुने गरेको र परिणामस्वरूप ठूलो मात्रामा भौतिक संरचना र मानवीय क्षति हुनुका साथै जीविकोपार्जनमा समेत प्रतिकूल असर पर्ने गरेको छ (राष्ट्रिय योजना आयोग-NPC, २०२०) ।

पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को समय अवधिमा नेपालमा करिब ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का घटनाहरूको कारणबाट ज्यान गुमाउनु परेको देखिन्छ । यसैगरी उल्लिखित अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएको देखिन्छ भने करिब ३०,००,००० व्यक्तिहरू विपद्का कारणबाट प्रभावित भएको देखिन्छ (गृह मन्त्रालय-MoHA, २०१८) । नेपालमा आपत्कालीन अवस्थाका लागि पर्याप्त मात्रामा दक्ष जनशक्ति र यथेष्ट स्रोत साधन, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु प्रमुख समस्याको रूपमा रहेको छ (राष्ट्रिय योजना आयोग-NPC, २०२०) ।

३. सुदूरपश्चिम प्रदेशमा विपद् जोखिमको अवस्था:

नेपालको कुल क्षेत्रफलको करिब १३.२२ प्रतिशत भू-भाग ओगटेको सुदूरपश्चिम प्रदेशको क्षेत्रफल १९,५१५.२२ वर्ग कि.मी. रहेको छ । यस प्रदेशको भौगोलिक बनोट दक्षिणमा तराईको समथर र उत्तरमा पहाड, मध्य पहाड र ७,१३२ मिटर अग्लो उच्च पर्वतीय हिमशृङ्खलाबाट बनेको छ । सुदूरपश्चिम प्रदेश उच्च भूकम्पीय जोखिम क्षेत्रमा अवस्थित रहेको छ (Province Disaster Management Strategy 2075; Chaulagain D. (2022)। कमजोर भौगर्भिक एवं भू-धरातलीय बनोट, मौसमी विषमता तथा जलवायु परिवर्तन (Climate Change) का कारणले गर्दा सुदूरपश्चिम प्रदेश प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट अत्यन्त जोखिममा रहेको छ ।

यस प्रदेशमा हरेक वर्ष दोहोरिइरहने प्रमुख प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरूका कारण सन् २०१० देखि २०१९ सम्म करिब १० वर्षको तथ्यांकलाई विश्लेषण गरेर हेर्दा यस अवधिमा प्राकृतिक तथा गैरप्राकृतिक गरी ३,११५ वटा विपद्का घटना घटेका देखिन्छन् । जसका कारणले उक्त अवधिमा ९९८ जना व्यक्तिको मृत्यु भएको छ भने १७१ जना व्यक्तिहरू बेपत्ता भएका छन् । साथै विभिन्न प्रकोपका घटनाबाट यस अवधिमा ७८५ जना व्यक्तिहरू घाइते भएका छन् । यस अवधिमा १,३७९ निजी घरहरू पूर्ण र ६,९४१ घरहरू आंशिक रूपले क्षति हुन पुगेका छन् । नेपाल सरकार गृह मन्त्रालयबाट यस प्रदेशको विपद् पार्श्वचित्र निर्माणका लागि डिआरआर (DRR) पोर्टलको सन् २०१० देखि २०१९ सम्मको उल्लिखित तथ्यांकलाई विश्लेषण गरेर हेर्दा क्रमशः आगलागी, पहिरो, महामारी, बाढी, शीतलहर, हावाहुरी, असिना, सडक दुर्घटना र भूकम्प जस्ता जोखिमहरू प्रमुख रहेका छन् । प्रकोपहरूको संक्षित विश्लेषण देहाय बमोजिम गरिएको छ:-

(क) आगलागी तथा वन डढेलो

सुदूरपश्चिम प्रदेश आगलागी तथा वन डढेलोको उच्च जोखिममा रहेको छ । यस प्रदेशमा आगलागीका घटना विशेषगरी सुक्खा याममा हुने गरेको देखिन्छ । प्रदेशका विभिन्न जिल्लामध्ये तराईका कञ्चनपुर र कैलाली तथा पहाडका बैतडी र डडेल्धुरा सबैभन्दा बढी प्रभावित जिल्लामा पर्दछन् । सन् २०१० देखि २०१९ सम्मको अवधिमा यस प्रदेशमा ४५४ वटा आगलागीका घटना मानवीय तथा प्राकृतिक कारणबाट घट्न गएको देखिन्छ ।

(ख) बाढी तथा डुबान

यस प्रदेशमा अर्को ठूलो प्रकोपको रूपमा बाढी तथा डुबान रहेको छ । कर्णाली र महाकाली नदी एवं अन्य सहायक नदीहरूले वर्षेनि ल्याउने बाढी तथा डुबानबाट कञ्चनपुर र कैलाली जिल्ला बढी प्रभावित हुने गरेको देखिन्छ । यसैगरी पहाडी जिल्लाहरूमा जमिन कटान र भू-क्षय हुने गरेको छ । यस प्रदेशमा १० वर्षको अवधिमा १९१ वटा बाढी तथा डुबानका घटना भएको देखिन्छ । सन् २००८ मा आएको बाढीले कञ्चनपुर र कैलाली जिल्लामा करिब २९,५०० घरधुरी प्रभावित भएका थिए । प्राकृतिक स्रोतको अत्यधिक दोहन, खोरिया फँडानी, ग्रामीण सडक निर्माणको नाममा

जथाभावी रूपमा डोजर प्रयोग, मापदण्डविपरीत सञ्चालनमा रहेका क्रसर तथा ढुङ्गाखानी र अन्य नदीजन्य पदार्थको उत्खनन जस्ता मानवीय कारणबाट बाढी तथा डुबानका घटना क्रमश: बढ्दै गएको अवस्था छ।

(ग) चट्याङ:

चट्याङ पनि प्रमुख प्रकोपको रूपमा रहेको छ। मनसुनको शुरु तथा अन्त्यको समयमा बढी चट्याङका घटना हुने र यस प्रदेशका कैलाली, कञ्चनपुर, बाजुरा र अछाम जिल्ला बढी प्रभावित हुने गरेको देखिन्छ। सन् २०१० देखि २०१९ सम्म यस प्रदेशमा कुल १७१ वटा ठूला प्रकृतिका चट्याङका घटना भएको र ६६ जना व्यक्तिको मृत्यु भएको देखिन्छ। यसैगरी वि. सं. २०७६ मा मनसुनको समयमा डडेल्धुरा जिल्लामा चट्याङबाट नेपाली सेनाका १६ जना कर्मचारी घाइते भएका थिए।

(घ) पहिरो:

यस प्रदेशको चौथो प्रकोपको रूपमा पहिरो रहेको छ। विशेषगरी पहिरो पहाडी जिल्लाहरूमा हरेक वर्ष दोहोरिरहने घटना हो। यस प्रदेशमा माथि उल्लिखित समयमा १४४ वटा पहिरोका घटना भएका छन्। सन् २००९ मा अछाम जिल्लाको पातलकोटमा गएको पहिरोबाट ११ जनाको मृत्यु भएको थियो भने ४३२ घरधुरी प्रत्यक्ष प्रभावित भएका थिए। यस प्रदेशमा पहिरोका घटना बढ्नुका मुख्य कारणहरूमा प्राविधिक अध्ययनबिना डोजरको जथाभावी प्रयोग गरी सडक निर्माण गर्नु, वन विनाश तथा प्राकृतिक स्रोतको अत्यधिक दोहन रहेका छन्।

(ङ) हावाहुरी

विभिन्न प्रकोपका घटनाको प्राप्त तथ्यांकहरूको विश्लेषण गरेर हेर्दा हावाहुरी पनि यस प्रदेशको अर्को मुख्य प्रकोपको रूपमा रहेको देखिन्छ। बाढी तथा पहिरो जस्तै हावाहुरी पनि हरेक वर्ष दोहोरिरहने प्रकोप हो। साथै वि. सं. २०७६ सालमा कैलाली र कञ्चनपुर जिल्लामा आएको हावाहुरीबाट करिब ९,७३५ घरधुरी प्रभावित भएका थिए भने २,३७२ घरमा पूर्णरूपमा क्षति पुगेको थियो। हावाहुरीपछि आउने असिना पानीबाट विशेषगरी कच्ची घरहरू जोखिममा पर्ने गरेको देखिन्छ।

(च) महामारी

झाडापखाला, कालाजार, सिकल सेल एनिमिया, डेंगु आदि बारम्बार दोहोरिरहने यस प्रदेशका महामारीका घटना भित्र पर्दछन्। यस प्रदेशमा सन् २०१० देखि २०१९ को अवधिमा ४९ वटा महामारीका घटना भएका छन् भने पछिल्लो समयमा कोभिड-१९ को कारणले स्थानीय समुदायमा थप जोखिम निम्त्याएको थियो। सन् २००९ मा जाजरकोट जिल्लाबाट फैलिएको हैजाले डोटी, डडेल्धुरा, कञ्चनपुर, बाजुरा र बझाङमा गरी १८ जनाको मृत्यु भएको थियो। यस

प्रदेशमा कोभिड-१९ को कारणबाट सन् २०२२ सम्म ५१८ जना व्यक्तिको मृत्यु भएको देखिन्छ।[1] दूषित पानीको प्रयोग, जीवाणुको संक्रमण तथा सचेतनाको कमीले गर्दा महामारीका घटना दोहोरिरहने र यसबाट विशेषगरी ग्रामीण क्षेत्रका विपन्न समुदायका बालबालिकाहरू थप जोखिममा पर्ने गरेको देखिन्छ ।

(छ) भूकम्प

सुदूरपश्चिम प्रदेश भूकम्पीय दृष्टिकोणले अत्यन्तै उच्च जोखिममा रहेको छ। नेपाल सरकारले सन् २०१० सालमा गरेको नेपाल प्रकोप जोखिम विश्लेषण प्रतिवेदनअनुसार अछाम, बझाङ र बैतडी जिल्ला भूकम्पीय जोखिमको दृष्टिकोणले उच्च जोखिममा रहेका छन्। साथै Durham University र NSET ले सन् २०१८ मा गरेको अध्ययनले पनि माथि उल्लिखित कुरालाई पुष्टि गरेको छ। सन् २०१० देखि २०१९ सम्मको अवधिमा यस प्रदेशमा १५ वटा भूकम्पका घटना भएको देखिन्छ। वि. सं. २०३७ सालमा आएको ६.५ रेक्टर स्केलको भूकम्पले बैतडी, बझाङ र दार्चुला जिल्लाका ११,६०४ वटा घरमा क्षति, १२५ जनाको मृत्यु र २४८ जना घाइते भएका थिए। यसैगरी २०५८ सालमा आएको भूकम्पले मानवीय क्षति भएको नदेखिए पनि भौतिक क्षति पुगेको थियो। वि. सं. २०७९ कार्तिक २३ मा गएको ५.७ रेक्टर स्केलको डोटी भूकम्पमा परी ६ जनाको मृत्यु भएको थियो भने १२ जना घाइते भएका थिए। यस प्रदेशको धरातलीय स्वरूप र भवनहरूको संरचनालाई दृष्टिगत गर्दा ठूलो भूकम्प आएको खण्डमा धेरै जनधनको क्षति हुने आँकलन गर्न सकिन्छ।

४. उद्देश्य

विपद्पूर्व, विपद्को समयमा र विपद्पश्चात प्रभावकारी तथा समन्वयात्मक ढंगले प्रतिकार्य गर्नका लागि दिशानिर्देश गर्नु यस प्रतिकार्य कार्यढाँचाको मूल ध्येय रहेको छ । यस कार्यढाँचाका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन्-

४.१. विपद् प्रतिकार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा समूहको पहिचान, जिम्मेवारी, परिचालन र क्रियाकलाप स्पष्ट गरी विपद् प्रतिकार्य कार्यलाई व्यवस्थित र समन्वयात्मक तुल्याउने,

४.२. जोखिममा परेका व्यक्तिहरूको खोज तथा उद्धार, जीउधनको सुरक्षा, प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणका लागि आवश्यक पर्ने स्रोत साधनको आँकलन गर्न सहयोग पुऱ्याउने,

४.३. विपद्ग्रस्त क्षेत्रमा बिरामी, महिला (गर्भवती, सुत्केरी), बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको सुरक्षा तथा संरक्षण गरी अत्यावश्यक सेवा प्रदान गर्न सहयोग पुऱ्याउने,

४.४. प्रतिकार्य क्रियाकलापहरू परिचालनको प्रतिवेदनका बारेमा विपद् सम्भावित क्षेत्रका सर्वसाधारण जनतालाई अवगत गराई आगामी दिनमा विपद्का घटनाबाट हुन सक्ने क्षतिबारे सतर्क गराउने,

[1] **WHO, Contry Office, 2023**

४.५. प्रतिकार्य क्रियाकलापहरू सञ्चालन गर्दा पालना गर्नुपर्ने मानवीय सिद्धान्त, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्ने,

५. कार्यक्षेत्रः

नेपाल सरकारले ठूला स्तरको विपद्को अवस्थामा राष्ट्रिय प्रतिकार्यहरूलाई थप प्रभावकारी रूपमा मार्गदर्शन र समन्वय गर्न संस्थागत व्यवस्था गर्ने उद्देश्यले २०७० मा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा (NDRF) लगायत थुप्रै नीतिगत व्यवस्था गरेको छ। उल्लिखित व्यवस्था अनुकूल हुने गरी प्रस्तुत प्रादेशिक विपद् प्रतिकार्य कार्यढाँचा (Province Disaster Response Framework) को कार्यक्षेत्र प्रदेशमा हुने विपद्का घटनाको खोज, उद्धार र राहत सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु रहेको छ। उल्लिखित प्रतिकार्य कार्यढाँचालाई समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वय गर्न गराउन देहाय बमोजिमको कार्यक्षेत्र कायम गरिएको छ।

५.१. विपद् प्रतिकार्यको पूर्वतयारी, विपद् खोज तथा उद्धार समूहको परिचालन, जीउधनको बचाउ र सुरक्षा, जोखिमयुक्त अवस्थाबाट सुरक्षित स्थानान्तरण, जीवन रक्षाका लागि आवश्यक उद्धार तथा राहत सहयोग र सुरक्षित आपत्कालीन प्रबन्ध गर्न तथा सञ्चारको योजना तथा कार्य सञ्चालन गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण र निजी तथा व्यावसायिक जीवनमा विपद् व्यवस्थापनका लागि तत्काल प्रतिकार्यका रूपमा गरिने क्रियाकलापहरूलाई विपद् प्रतिकार्यको कार्यक्षेत्रको रूपमा लिइएको छ।

५.२. यो प्रदेश विपद् प्रतिकार्यकार्य ढाँचा (Province Disaster Response Framework-PDRF) को कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति र सबै सरोकारवाला निकायको हुनेछ। प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले यो कार्यढाँचाको कार्यान्वयन गर्दा गराउँदा संघ, प्रदेश, जिल्ला र स्थानीय तहका सरकारी निकाय, गैरसरकारी क्षेत्र र मानवीय क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

५.३. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयन गर्ने प्रयोजनका लागि प्रदेश विपद् व्यवस्थापन परिषद्का सदस्य सचिवले प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक भई कार्य गर्नेछन्।

५.४. यो प्रतिकार्य कार्यढाँचा प्रदेश विपद् व्यवस्थापन परिषद्को सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

५.५. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त भएको पृष्ठपोषणलाई आधारमा लिई परिषद्ले यस कार्यढाँचाको संशोधन गर्न सक्नेछ।

५.६. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयनका क्रममा कुनै बाधा अड्चन वा दुबिधा भएमा सोको निराकरण प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले आवश्यक निर्णय लिई गर्नेछ।

५.७. यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयन गर्दा पूर्ण रूपमा मानवीय सिद्धान्तहरू मानवता

(humanity), (तटस्थता) (neutrality), निष्पक्षता (impartiality) र स्वतन्त्रता (Independence) को पालना तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender equlity and social inclusion) लाई अनिवार्य रूपमा ध्यान दिइनेछ।

५.८. विपद् प्रतिकार्य अन्तर्गतका विभिन्न मानवीय कार्यहरू जस्तै खोज, उद्धार, राहत वितरण, निजी तथा सार्वजनिक सम्पत्तिको संरक्षणका कार्यहरू गर्दा गराउँदा महिला तथा किशोरीहरूमाथि हुन सक्ने यौनिक दुर्व्यवहार, उत्पीडन र यौनिक दुराचार हुन नदिन प्रतिकार्यमा खटिने सबैका लागि आचारसंहिता निर्माण गर्ने गरी लागु गर्नु पर्नेछ।

६. विपद् प्रतिकार्य सम्बन्धी नीति तथा कानुनी व्यवस्थाः

६.१. नेपालको संविधानको अनुसूची ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची तथा विपद् प्रतिकार्यका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) यो कार्यढाँचाका आधारभूत कानुनी व्यवस्था हुन्।

६.२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले आफ्नो प्रदेशमा प्रतिकार्यको पूर्व तयारी खोज, उद्धार र राहतका क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ।

६.३. प्रदेशको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन प्रादेशिक विपद् व्यवस्थापन योजना २०७९ तर्जुमा गरिएको छ।


६.४. प्रदेश तथा स्थानीय तहमा विपद् प्रतिकार्यका लागि खटिने जनशक्ति तथा स्रोत-साधन समेतको आँकलन गर्दा विद्यमान क्षमताले प्रतिकार्य गर्न तत्काल कठिनाइ भएको अवस्थामा प्रदेश सरकारले विपद्संकटग्रस्त क्षेत्रमा आवश्यक मानवीय सहयोगका लागि संघीय सरकार तथा अन्य प्रदेश सरकारहरूसँग अनुरोध गर्न सक्नेछ। साथै संघीय तथा अन्य प्रदेश सरकारबाट प्राप्त भएको सहयोगले पनि तत्काल कठिनाइ भएको अवस्थामा प्रदेश सरकारले अन्तरराष्ट्रिय सहयोगका लागि संघीय सरकारलाई अनुरोध गर्न सक्नेछ।

६.५. नेपाललाई विपद् जोखिमबाट सुरक्षित, अनुकूलित र उत्थानशील राष्ट्रको रूपमा विकास गर्नका लागि विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीति २०७५ तथा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजन २०१८-२०३० कार्यान्वयनमा ल्याइएको छ।

६.६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ तथा प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा १० मा भएको प्रावधानअनुसार प्रदेश तथा स्थानीय तहमा रहेको विपद् व्यवस्थापन कोषको निश्चित अंश प्रदेश विपद् प्रतिकार्यका लागि प्रदेश सरकारले प्रत्येक वर्ष छुट्याउनु पर्नेछ।

६.७. प्रदेशभित्र प्रदेश विपद् व्यवस्थापन परिषद्, प्रदेश विपद् कार्यकारी समिति तथा जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिले विपद् प्रतिकार्य गर्ने, गराउने व्यवस्था रहेको छ। उल्लिखित निकायहरूको तहगत

स्वरूप देहाय बमोजिम रहेको छ।




**नेपालमा विपद् व्यवस्थापनको तहगत स्वरूप (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ अनुसार)**

६.८. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति अन्तर्गत रहेको प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (Province Emergency Operation Centre-PEOC) ले विपद् प्रतिकार्यका लागि सूचनाको संकलन, विश्लेषण, अद्यावधिक, भण्डारण एवं प्रवाहका साथै खोज, उद्धार र राहतका लागि संघ, जिल्ला तथा स्थानीय तहका आपत्कालीन केन्द्रहरूसँग आवश्यक समन्वय र सञ्जालीकरण गर्नु पर्नेछ।

६.९. नेपालको १५ औं राष्ट्रिय योजनाको सोच विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल' भन्ने उक्त योजनाको लक्ष्य 'सबै प्रकारका प्राकृतिक एवं गैरप्राकृतिक विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने रहेको छ। साथै विपद् जोखिमको पूर्वानुमान, पूर्वसूचना, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको

विकास र सुदृढीकरण गर्ने रणनीति उक्त योजनाको रहेको छ।

६.१०. गोरखा भूकम्पपछिको राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ तर्जुमा गरिएको र उक्त नीतिले विपद्पछिको पुनर्निर्माण र पुनःस्थापना कार्यका लागि दिशानिर्देश दिएको छ।

६.११. संक्रामक रोग ऐन, २०२० ले जुनसुकै वेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद्को तत्काल व्यवस्थापन गर्न र रोगको प्रकोप भएमा तोकिएको निकायलाई समयमै जानकारी गराउनुपर्ने व्यवस्था गरेको छ।

६.१२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार संकटग्रस्त क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ।

भाग - २

७. संघीय सहयोगको परिचालन, समन्वय र सहजीकरणः

७.१. प्रदेश स्तरबाट मात्रै प्रतिकार्य सञ्चालन हुन नसकेको अवस्थामा संघीय सरकारको सहयोगबाट मानवीय सहयोग परिचालन हुन सक्नेछ।

७.२. संघीय सरकारको सहयोगबाट मानवीय सहयोग परिचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन२०७५) बमोजिम हुनेछ । यसरी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (प्रथम संशोधन २०७५) बमोजिम प्रतिकार्य गर्दा, गराउँदा राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले प्रदेश विपद्कार्यकारी समिति तथा प्रदेश विपद् विपद् प्रतिकार्य नियन्त्रक (सदस्यसचिव, प्रदेश विपद् व्यवस्थापन परिषद्)सँग समन्वय गरी प्रतिकार्य सम्बन्धी कामकारबाही गर्नु पर्नेछ।

७.३. प्रतिकार्यको अवधिमा मानवीय खोज तथा उद्धार कार्यलाई सक्रिय तुल्याउन संघीय/केन्द्रीय कमाण्ड पोष्टले विपद् प्रभावित क्षेत्रहरूमा आवश्यकताअनुसार खोज तथा उद्धार सम्बन्धी कामकारबाही गर्दा, गराउँदा प्रदेश कमाण्ड र स्थानीय कमाण्ड पोष्टहरूसँग समन्वय गर्नु पर्नेछ। साथै प्रदेश कमाण्ड पोष्ट, उप-पोष्ट तथा स्थानीय कमाण्ड पोष्टहरूले केन्द्रीय कमाण्ड पोष्टलाई खोज तथा उद्धार कार्यमा समन्वय र सहजीकरण गर्नु पर्नेछ।

७.४. विपद्को प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीबल नेपालबीच स्वतः सञ्चार सञ्जाल स्थापित हुनेछ।

७.५. संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले प्रदेश प्रतिकार्यको नियन्त्रण तथा समन्वय गर्नेछ। उक्त कार्यसञ्चालन तथा नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गर्दा प्रदेश विपद् कार्यकारी समितिले प्रदेशस्थित क्रियाशील खोज, उद्धार, तथा सहायता सम्बन्धी मानवीय संघसंस्थालाई छलफल तथा बैठकका लागि आमन्त्रण गर्न सक्नेछ।

८. अन्तरराष्ट्रिय सहयोगको परिचालन, समन्वय र सहजीकरणः

८.१. विपद्पछिको समयमा प्रभावकारी रूपमा प्रतिकार्य सञ्चालन गर्नका लागि प्रदेश तथा संघीय सरकारको आन्तरिक स्रोतसाधनले तत्काल कठिनाइ भएको अवस्थामा प्रदेश सरकारले अन्तरराष्ट्रिय सहयोगका लागि संघीय सरकारलाई अनुरोध गर्न सक्नेछ।

८.२. विपद्पछिको प्रतिकार्यका लागि अन्तरराष्ट्रिय खोज, उद्धार तथा सहयोगको आवश्यकता भएको अवस्थामा सहायताको आग्रह तथा व्यवस्थापन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयअनुसार स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

८.३. प्रदेशमा अन्तरराष्ट्रिय मानवीय सहयोगको प्राप्ति, परिचालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यहरू राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाको २०७० (प्रथम संशोधन२०७५) बमोजिम हुनेछ। साथै संयुक्त राष्ट्रसंघसँग भएको नमुना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधानलाई आधार मानेर मानवीय सहयोगको प्राप्ति, परिचालन तथा व्यवस्थापन गरिनेछ।

८.४. अन्तरराष्ट्रिय समुदायबाट राहत तथा जीवन रक्षा, खोज तथा उद्धार र औषधि उपचारका सामग्रीहरूमा कुनै पनि प्रदेश तथा स्थानीय शुल्क लगाइने छैन। साथै संयुक्त राष्ट्रसंघसँग भएको नमुना सम्झौता, २०६३ (Model Agreement for Emergency Customs Procedure, 2007) बमोजिमका प्रावधान कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक सहयोगको प्रतिबद्धता व्यक्त गर्नुका साथै संघीय सरकारसँग समन्वय गरी अन्य आवश्यक सहजीकरणको व्यवस्था समेत मिलाइनेछ।

८.५. प्रदेशमा कार्यरत विषयगत क्षेत्रका सरकारी निकाय र सहयोगी निकायहरूबीच सामान्यतया देहाय बमोजिम विषयगत समन्वय हुनेछ।

| क्र.स | विषयगत क्षेत्र (Name of the Clusters) | सरकारी निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | स्वास्थ्य (Health) | सामाजिक विकास मन्त्रालय | WHO |
| २ | खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन (WASH) | सामाजिक विकास, भौतिक पूर्वाधार मन्त्रालय | UNICEF |
| ३ | आपत्कालीन आश्रयस्थल (Emergency Shelter) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय | IFRC/UN HABITAT, Habitat for Humanity Nepal |
| ४ | खाद्य सुरक्षा (Food Security) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | WFP/FAO |
| ५ | पोषण (Nutrition) | सामाजिक विकास मन्त्रालय | UNICEF |
| ६ | शिविर समन्वय तथा शिविर व्यवस्थापन (CCCM) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय | IOM |
| ७ | संरक्षण (Protection including GBV) | सामाजिक विकास मन्त्रालय | UNHCR/UNICEF/UNFPA |
| ८ | शीघ्र पुनर्लाभ (Early Recovery) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालय | UNDP |

| | | | |
|---|---|---|---|
| ९ | शिक्षा (Education) | सामाजिक विकास मन्त्रालय | UNICEF/SC |
| १० | बन्दोबस्ती (Logistics) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सामाजिक विकास मन्त्रालय | WFP |
| ११ | आपत्कालीन सञ्चार (Communication) | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | WFP |

८.६. उल्लिखित निकायहरूबीच दफा ६.४ बमोजिमको आपसी समन्वय कायम राख्न र सहजीकरण गर्न सम्बन्धित निकाय तथा संघ-संस्थाबाट विपद्सम्पर्क व्यक्तिहरू तोकिने छन्। यसरी सम्पर्क व्यक्ति तोक्दा सम्भव भएमा महिला, किशोरी तथा अन्य लक्षित वर्गका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

८.७. विपद् प्रतिकार्यको समयमा विपद्सम्पर्क व्यक्तिहरूले नियमित बैठक गरी परिस्थितिको अद्यावधिक अध्ययन, विश्लेषण तथा मूल्यांकन सहित अल्पकालीन कार्यसञ्चालन स्थितिको प्रतिवेदन प्रदेश विपद् व्यवस्थापन परिषद्का सदस्यसचिवले विपद् कार्यकारी समिति र नेपाल सरकारलाई पेस गर्नु पर्नेछ।

८.८. नेपाल सरकारको अनुरोध बमोजिम आउने अन्तरराष्ट्रिय खोज तथा उद्धार समूह र संयुक्त राष्ट्रिय विपद् विश्लेषण, समन्वय तथा संयोजन नेपाल सरकारको निर्देशन बमोजिम नेपालस्थित संयुक्त राष्ट्रिय मानवीय सहायता संयोजकबाट हुनेछ। प्रदेश विपद् कार्यकारी समितिबाट अन्तरराष्ट्रिय निकायहरूले गर्ने प्रतिकार्यको समन्वय, सहजीकरण र सहकार्य सामान्यतया अनुसूची-२ बमोजिम हुनेछ।

८.९. दफा ८.४. मा उल्लिखित विषयहरूको समन्वय, विमानस्थलमा सम्पर्क केन्द्र स्थापना र खोज तथा उद्धार समूहका लागि कार्य सञ्चालन आधारस्थल व्यवस्थापनको सहजीकरण प्रदेश सरकारले गर्नेछ।

८.१०. विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि आवश्यक पर्ने प्रतिकार्य सामग्री तथा उपकरण सहित नेपाल प्रवेश गर्ने समूहलाई स्थापित प्रक्रियाहरूको अवलम्बन गर्न छिमेकी तथा मित्रराष्ट्रसँग नेपाल सरकारले आवश्यकताअनुसार द्विपक्षीय तथा बहुपक्षीय सम्झौता गर्न सक्ने व्यवस्था भए बमोजिम गरिएका सम्झौताको जानकारी नेपाल सरकारले प्रदेश सरकारलाई पनि गराउनेछ।

८.११. संघीय सरकार (नेपाल सरकार) को आह्वानमा आएको खोज तथा उद्धार र मानवीय सहायता समूहका व्यक्तिहरूले आफ्नो कार्य पूरा गरेर फर्किने निश्चित मितिको पूर्व जानकारी संघीय सरकार (नेपाल सरकार) मार्फत प्रदेश सरकारलाई समेत गराउनु पर्नेछ।

८.१२. खोज तथा उद्धार र मानवीय सहायता सामग्री सहित खटिएका स्थल वा हवाई मार्गबाट नेपाल आउने र नेपालबाट फर्किने प्रयोजनको प्राथिमिकीकरण कार्ययोजना नेपाल सरकाले तयार गर्नेछ र उक्त कार्ययोजनाको जानकारी प्रदेश सरकारलाई समेत गराउनु पर्नेछ। प्रदेश सरकारले कार्ययोजना कार्यान्वयन गर्न सहजीकरण र समन्वय गर्नु पर्नेछ।

८.१३. संघीय सरकार (नेपाल सरकार) को निर्देशन र नियन्त्रणमा प्रभावित स्थान कार्य सञ्चालन समन्वय केन्द्र (on-site Operation Coordination Center) र बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र (Multy National Military Coordination Center) सँग गर्ने सम्पर्क अनुसूची- ३ कार्यढाँचा बमोजिम हुनेछ। उक्त कार्यढाँचा अनुसार गर्न गराउन प्रदेश सरकारले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

८.१४. प्रदेश Disaster Council का सदस्यसचिव र विपद् प्रभावित स्थानको कार्य सञ्चालन तथा समन्वय केन्द्रले आपसी समन्वयमा अन्तरराष्ट्रिय प्रतिकार्यकर्ताहरूको परिचालनमा सहजीकरण र समन्वय गर्नेछन्। सदस्यसचिवले विपद् प्रभावित क्षेत्रमा अन्तरराष्ट्रिय राहत गतिविधिमा सहजीकरण गर्न, सहयोगका लागि आवश्यक कर्मचारी खटाउने, राष्ट्रिय तथा अन्तरराष्ट्रिय मानवीय सहयोग प्रदान गर्ने निकायहरूबीच सूचना आदान-प्रदान तथा समन्वय गर्ने कार्य प्रभावित स्थानको कार्य सञ्चालन तथा समन्वय केन्द्रहरूसँगको सहकार्यमा गर्नु पर्नेछ। संयुक्त राष्ट्रसंघ मानवीय सहयोग संयोजकले प्रभावित स्थानको कार्यसञ्चालन तथा समन्वय केन्द्रसँग समन्वय गर्नु पर्नेछ। यसरी तोकिएको व्यक्ति तथा निकायको जानकारी प्रदेश सरकारलाई संघीय सरकारमार्फत गराउनु पर्नेछ।

८.१५. विपद् र विपद्पछिको समयमा प्रदेशमा आउने उद्धार तथा मानवीय सहायता सहजीकरणका लागि धनगढी विमानस्थल एवं अन्य आवश्यक विमानस्थल/स्थानहरूमा आगमन तथा प्रस्थान कक्षको स्थापना र सहजीकरण प्रदेश विपद् कार्यकारी समितिबाट गरिनेछ।

८.१६. विपद्को समयमा प्रदेशमा सहायता उपलब्ध गराउन आएका वा आउने अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपाल सरकारबाट स्वीकृत मापदण्डअनुसारको गुणस्तर तथा एकरूपता हुने गरी सेवा, सुविधा र सहयोग सामग्री वितरण गर्नु पर्नेछ। साथै यस्ता सेवा सुविधा अन्तर्गत महिला, गर्भवती महिला, स्तनपान गराउने महिला, किशोरीको विशेष आवश्यकता लागि चाहिने सुविधाहरूको सुनिश्चितता गर्नु पर्नेछ।

८.१७. विपद् प्रतिकार्यको समयमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थापना भएको कार्यकारी समितिको निर्देशन र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको समन्वयमा प्रदेशमा नेपाली सेनाले बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र स्थापना गरी आवश्यकताअनुसार उद्धारकर्मीहरू परिचालन तथा मानवीय सहायताका लागि स्रोतसाधन परिचालन गर्न सक्नेछ। साथै ठूलो विपद्को समयमा नागरिक प्रशासन र नेपाली सेनाबीचको समन्वय (Civil Military Coordination) र सहजीकरणको व्यवस्था संघीय सरकारको निर्देशनअनुसार माथि उल्लिखित कार्यकारी समितिको स्वीकृति लिई प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले गर्नेछ।

## ९. प्रदेश विपद् प्रतिकार्यको कार्य सञ्चालन व्यवस्थाः

९.१. विपद् प्रतिकार्यका लागि गरिने पूर्वतयारी अन्तर्गत सामान्यतया विपद्सम्बन्धी सूचना संकलन, सूचना प्रवाह, विपद्बाट भएको क्षतिको लेखाजोखा, नियमन, सचेतना तथा क्षमता अभिवृद्धि, समन्वय र राहत

सामग्रीको पूर्व बन्दोबस्ती एवं व्यवस्थापन गर्ने कार्यहरू पर्दछन्। उल्लिखित कार्यहरू निर्दिष्ट समयमा सम्पन्न गरी तयारी अवस्थामा राख्नु प्रदेश विपद् व्यवस्थापन परिषद्का सदस्यसचिव (प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक) तथा प्रदेशस्थित सम्बन्धित निकायहरूको कर्तव्य हुनेछ।

९.२. प्रदेश आफैंले विपद्सम्बन्धी सूचना संकलन, सूचना प्रवाह, विपद्बाट भएको क्षतिको लेखाजोखा, नियमन, सचेतना र राहत सामग्रीको व्यवस्थापन एवं प्रदेश विपद् प्रतिकार्यको समन्वय तथा सहजीकरण सामान्यतया अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

९.३ प्रतिकार्यको समयमा प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रक र प्रदेश अन्तर्गत कार्यरत जिल्ला विपद् व्यवस्थापन समिति, जिम्मेवार सरकारी निकाय, रेडक्रस अभियान, विषयगत क्षेत्र, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था, निजी तथा व्यावसायिक प्रतिष्ठान, समुदायमा आधारित संस्थाहरूले आ-आफ्नो जिम्मेवारी अनुसार प्राथमिकताका साथ देहाय बमोजिम कार्यसम्पादन गर्नु पर्नेछः

९.३.१ तत्कालीन मानवीय सेवा अन्तर्गत समन्वयात्मक रूपमा क्षतिको लेखाजोखा, खोज, उद्धार तथा राहत सामग्रीहरूको बन्दोबस्ती, स्वास्थ्योपचार, आगलागी नियन्त्रण, शव व्यवस्थापन, सरसफाइ कार्य र अत्यावश्यक सेवाहरू सञ्चालन गर्ने,

९.३.२ खानेपानीको आपूर्ति प्रणाली, सडक, विद्युत्, विमानस्थल, दूरसञ्चार, सांस्कृतिक सम्पदा तथा संवेदनशील संरचनाहरूको संरक्षण तथा पुनःस्थापना गर्ने,

९.३.३ विस्थापित व्यक्ति तथा परिवारको दर्ता तथा लगत अद्यावधिक गर्ने। यसरी लागत तयार गर्दा खण्डीकृत रूपमा तयार तथा अद्यावधिक गर्ने,

९.३.४. खाद्यान्न तथा गैरखाद्यान्न सामग्रीहरू, औषधि तथा इन्धन आपूर्तिको व्यवस्था गर्ने । यसरी औषधि आपूर्ति गर्दा गर्भवती महिला, महिला तथा किशोरीहरूको प्रजनन एवं दीर्घ रोगीहरूको स्वास्थ्यसँग सम्बन्धित औषधि, निर्मलीकरण गर्ने जस्ता अत्यावश्यक औषधिको सूची बनाई आपूर्ति गर्ने,

९.३.५ जोखिममा रहेका व्यक्ति वा समूहको पहिचान, संरक्षण, पोषणयुक्त खानाको व्यवस्था, गर्भवती तथा सुत्केरी आमाहरू, स्तनपान गराउने महिला, महिला, किशोरी, लैंगिक तथा यौनिक अल्पसंख्यक एवं लक्षित समूहको विशेष हेरचाह, ज्येष्ठ नागरिक, अपाङ्ग, दीर्घरोगी, बालबालिकाको विशेष संरक्षण एवं उनीहरूलाई अत्यावश्यक सेवाहरू उपलब्ध गराउने,

९.३.६ विस्थापित व्यक्ति तथा परिवारका लागि जनसंख्याको आधारमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने, प्रभावित क्षेत्र खाली गर्ने र सुरक्षित खुलास्थानको पहिचान गरी व्यवस्थापन गर्ने। यसरी सुरक्षित खुलास्थानको व्यवस्था गर्दा त्यस्ता स्थानको व्यवस्थापनमा महिला, किशोरीहरू र लक्षित वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गर्ने र व्यवस्थापनको निर्णायक भूमिकाको जिम्मेवारी दिने। साथै उल्लिखित कार्यहरू मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन प्रचलित मापदण्ड बमोजिम सक्रिय र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने।

९.४ प्रदेश अन्तर्गत खोज, उद्धार तथा स्वास्थ्य उपचार कार्यमा प्रयोगमा आउने उपकरण, सामग्री, विषयगत विज्ञको सूची, अस्पतालको सूची, क्षमता र उपकरण, रक्तसञ्चार भण्डारण, एम्बुलेन्स सेवा, आपत्कालीन बन्दोबस्ती, राहत सामग्री तथा सञ्चार जस्ता विषयहरूको संस्थागत क्षमताको लेखाजोखा र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

९.५ मानवीय खोज तथा उद्धार कार्यलाई सक्रिय तुल्याउन आपत्कालीन प्रतिकार्यको अवधिमा प्रदेश, जिल्ला तथा स्थानीय तहको आपत्कालीन कार्यसञ्चालन केन्द्रले आधारभूत कार्यसञ्चालन विधि (SOPs) बमोजिम विपद्को वस्तुस्थिति अद्यावधिक गर्न, खोज तथा उद्धारकर्मीहरूको परिचालन, राहत वितरणको समन्वय तथा आपत्कालीन बन्दोबस्तीका सामग्रीहरूको परिचालन गर्न प्रदेश राजधानीमा कमाण्ड पोष्ट स्थापना गर्ने। साथै विपद् प्रभावित क्षेत्रहरूमा पनि आवश्यकताअनुसार खोज तथा उद्धार उप-कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन गर्न सकिने छ । राहत र आपत्कालीन बदोबस्तीका सामग्रीमा महिलाको विशेष अवस्थाको आवश्यकताका लागि चाहिने सामग्रीहरू भएको सुनिश्चित गर्ने र खोज तथा उद्धार समूहमा सम्भव भएसम्म महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गर्ने ।

९.६. प्रदेश खोज तथा उद्धार कमाण्ड पोष्टमा नेपाली सेनाका सह-चिफ अफ स्टाफ, पृतना हेडक्वार्टर, नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरीबलका सशस्त्र प्रहरी नायब महानिरीक्षक, बैधनाथ वाहिनी प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका सदस्यसचिव रहने छन् । उक्त कमाण्ड पोष्टको कमाण्ड र परिचालन नेपाली सेनाबाट हुनेछ।

९.७. जिल्ला वा स्थानीय विपद् व्यवस्थापन समितिबाट वा अन्य निकायबाट विपद् भएको जानकारी प्राप्त भएपछि तत्काल प्रदेश विपद्कार्यकारी समितिका सदस्यसचिवले नेपाली सेनाका सह-चिफ अफ स्टाफ (विपद् व्यवस्थापन निर्देशक), नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक, प्रदेश प्रहरी कार्यालय, सशस्त्र प्रहरीबलका सशस्त्र प्रहरी नायब महानिरीक्षक, बैधनाथ वाहिनी सहितको बैठक बसी विपद् प्रतिकार्यका लागि महिला र लक्षित वर्गलाई समेत समेटिने गरी आवश्यक निर्णय गर्नु पर्नेछ। प्रदेश विपद् व्यवस्थापन परिषद्का सदस्यसचिवले विपद्जन्य स्थितिको विश्लेषण, मूल्यांकन, प्रभाव, उत्पन्न परिस्थिति, अग्रगामी प्रतिकार्य एवं निर्णयको प्रतिवेदन गृहमन्त्रालय, राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण, प्रदेश विपद्कार्यकारी समिति र परिषद्मा पेस गर्नुपर्नेछ। यसरी पेस गर्ने प्रतिवेदनमा विपद्ले महिला, किशोरी, एकल महिला, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित वर्गमा परेको असर, प्रभाव र उत्पन्न परीस्थितिको बारेमा विस्तृत रूपमा उल्लेख गर्नु पर्नेछ।

९.८ विपद्को समयमा प्रदेश अन्तर्गतका सम्बन्धित सरकारी निकाय, सुरक्षानिकाय र तोकिएका विपद् प्रतिकार्यको जिम्मेवारी लिएका अधिकृतहरूले प्रमुख प्रदेश प्रतिकार्य नियन्त्रणको नेतृत्वमा प्रतिकार्यको काम गर्नु पर्नेछ।

९.९ प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले यस कार्यढाँचा अनुरूप विपद् प्रतिकार्यलाई सहयोग पुग्ने गरी शीघ्र पुनर्लाभका कार्यहरू एकैसाथ सञ्चालन गर्न सम्बन्धित निकायहरूबीच आवश्यक समन्वय र सहजीकरण गर्नेछ। यसरी पुनर्लाभका कार्यहरू सञ्चालन गर्दा महिलाहरूको विशेष अवस्थालाई समेत सम्बोधन गर्ने

कार्यहरू पनि समावेश गर्नु पर्नेछ ।

९.१० प्रदेशभित्र विपद् प्रतिकार्यका कामकारबाहीको रेखदेख, नियन्त्रण तथा निर्देशन दिने कार्य प्रदेश विपद् व्यवस्थापन परिषद्ले गर्नेछ। कार्यकारी समितिले विपद् प्रतिकार्यको अनुगमन र मूल्यांकन गर्नेछ। परिषद्को निर्देशन, कार्यकारी समितिको अनुगमन प्रतिवेदन तथा जिल्ला, स्थानीय विपद् व्यवस्थापन समितिबाट प्राप्त भएका रायसुझावको एकीकृत विवरण सहितको प्रतिवेदनलाई प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २४ घण्टाभित्र सार्वजनिक गर्नेछ। यसरी सार्वजनिक गर्नुपूर्व एकीकृत विवरणमा महिला तथा लक्षित वर्गको अवस्थाको बारेमा रायसुझाव समावेश भए नभएको समेत सुनिश्चित गर्नु पर्नेछ।

९.११ प्रदेशभित्र विपद् प्रतिकार्यका कामकारबाहीमा प्रदेश सरकारका तर्फबाट संघीय सरकारसँग समन्वय र सहजीकरण गर्ने कार्य प्रदेश सरकारका प्रमुख सचिवबाट हुनेछ।

१०. प्रदेश विपद् प्रतिकार्यको स्वरूप :

१०.१. प्रमुख प्रदेश विपद् प्रतिकार्य नियन्त्रकले तत्काल विपद् प्रतिकार्यका लागि सरकारी, द्विपक्षीय तथा बहुपक्षीय दातृनिकाय, प्रदेशमा क्रियाशील संयुक्त राष्ट्रसंघका विशिष्ट निकाय, विकास साझेदार, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था एवं लैंगिक समानता तथा समावेशीकरणमा काम गरिरहेका संघ संस्थासँग आवश्यकता अनुसार बैठक बसी समन्वयको व्यवस्था गर्नेछन्। यसरी गर्ने प्रतिकार्यका लागि समन्वयात्मक ढंगले कामकारबाही गर्न, गराउन प्रदेश, जिल्ला तथा स्थानीय तहका विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रबाट सहजीकरण र सहयोग पुऱ्याउने छन्।

१०.२. प्रदेश, जिल्ला र स्थानीय तहका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले आ-आफ्नो तहका सरकारी निकाय, निजी क्षेत्र तथा विभिन्न संघ-सस्थाहरूसँग प्रतिकार्यका क्रियाकलापहरूलाई प्रभावकारी बनाउनका लागि आवश्यक सूचना सम्प्रेषण गर्ने छन्। यसरी गरिएका क्रियाकलापको खण्डित तथ्यांक सहितको प्रतिवेदन राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गराउनु पर्नेछ।

१०.३. विपद् प्रतिकार्यका लागि संघ, प्रदेश र स्थानीय तहका देहायबमोजिमका निकायहरूले आ-आफ्नो कार्यक्षेत्रको विषयमा सहयोग गर्नु ती निकायहरूको कर्तव्य हुनेछ।

१०.३.१. संवैधानिक आयोग, संघीय मन्त्रालय, विभागका प्रदेश, जिल्ला एवं स्थानीय तहका शाखा, डिभिजन र एकाइ कार्यालयहरू,

१०.३.२. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, राष्ट्रिय अनुसन्धान विभागका प्रदेश, जिल्ला एवं एकाइमा रहेर काम गर्ने सुरक्षानिकायहरू,

१०.३.३. प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, कार्यालय, डिभिजन र एकाइहरू,

१०.३.४. स्थानीय तहका सबै कार्यालय, एकाइ एवं सञ्चालनमा रहेका वारुणयन्त्रहरू,

१०.३.५. संयुक्त राष्ट्रसंघ मानवीय संयोजक तथा संयुक्त राष्ट्रसंघ विषयगत प्रणालीका नियोगहरू,

१०.३.६. अन्तरराष्ट्रिय वित्तीय संस्था, क्षेत्रीय संगठन, दातृनिकाय तथा विकास साझेदार संस्थाहरू,

१०.३.७. सरकारी, निजी अस्पताल र स्वास्थ्य प्रतिष्ठान, दूरसञ्चार सेवाप्रदायक, सरकारी, अर्धसरकारी तथा निजी सञ्चारगृहहरू,

१०.३.८. सबै तहका शिक्षण संस्था, प्रतिष्ठान र केन्द्रहरू, मानवीय सेवामा कार्यरत संघ-संस्था, सञ्चारकर्मी, पेसागत संघ, उद्योग वाणिज्य संघ (FNCCI, CNI), संगठन एवं नागरिक समाज,

१०.४. प्रदेश सरकारबाट सञ्चालित खोज, उद्धार तथा राहत वितरण गर्ने कार्यमा प्रदेश विपद् व्यवस्थापन कार्यकासमितिले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गर्नु पर्नेछ। यसैगरी जिल्ला र स्थानीय समितिहरूले पनि प्रदेशबाट सञ्चालन गरिएका कार्यहरू सम्पादन गर्न सहजीकरण गर्नु पर्नेछ।

१०.५. प्रदेश सरकारबाट सञ्चालन गरिने विपद् प्रतिकार्यको प्रयोजनार्थ विपद्/प्रकोपका घटनाको गम्भीरता, आकार, स्थान र सार्वजनिक स्वास्थ्य, कल्याण र पूर्वाधारमा वास्तविक वा सम्भावित प्रभावको आधारमा देहाय बमोजिम विपद्को स्तर निर्धारण सूचक र मापदण्ड वर्गीकृत गरिएको छ।

**विपद्को स्तर निर्धारण सूचक र मापदण्ड**

| | |
|---|---|
| १. सामान्य स्तरको विपद् (Minor Disaster) तथ्यांक कोड- LO | २. मध्यम स्तरको विपद् (major Disaster) तथ्यांक कोड–L1 |
| ३. ठूलो स्तरको विपद् (Sever Disaster) तथ्यांक कोड–L2 | ४.महाविपद् (catastrophic Disaster) तथ्यांक कोड–L3 |

१०.६ विपद् स्तरको नाम एकीकृत विद्युतीय तथ्यांक प्रणाली (BIPAD Portal) मा प्रयोग गरिएको नामसँग तालमेल हुने गरी प्रयोग गरिएको छ।

| प्रकोप, विपद्का सूचकहरू | विपद्को स्तर | | | |
|---|---|---|---|---|
| | १. सामान्य स्तरको विपद् तथ्यांक कोड– L0 | २. मध्यम स्तरको विपद् तथ्यांक कोड L1 | ३. ठूलो स्तरको विपद् तथ्यांक कोड– L2 | ४. महाविपद् तथ्यांक कोड L3 |
| विपद्का कारण घाइते वा बेपत्ता हुनेको संख्या | शून्य | शून्यदेखि ५ जनासम्म | ५ देखि ५० जनासम्म | ५० जनाभन्दा बढी |
| विपद्का कारण घाइते वा बिरामी हुनेको संख्या | शून्यदेखि १० जनासम्म | १० देखि ५० जनासम्म | ५० देखि २०० जनासम्म | २०० जनाभन्दा बढी |
| आश्रयस्थलमा राख्नुपर्ने विपद् प्रभावित परिवारको संख्या | शून्यदेखि १० जनासम्मको परिवार | १० देखि ५० जनासम्मको परिवार | ५० देखि ५०० जनासम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |

| | | | | |
|---|---|---|---|---|
| (कम्तिमा ७ दिन) | | | | |
| खाद्यान्न उपलब्ध गराउनुपर्ने संख्या (कम्तिमा ७ दिन) | शून्यदेखि १० जनासम्मको परिवार | १० देखि ५० जनासम्मको परिवार | ५० देखि ५०० जनासम्मको परिवार संख्या | ५०० भन्दा बढी परिवार संख्या |
| प्रकोप विस्तार भएको वा विपद् प्रभावित क्षेत्र | एउटा स्थानीय तह | एकभन्दा बढी स्थानीय तह | एउटा जिल्ला | एकभन्दा बढी |
| धनसम्पत्ति र जीविकाको हानि नोक्सानी | प्रभावित आफैंले हानि नोक्सानीको पुनर्भरण गर्न सक्छन् । | प्रभावितले स्थानीय तहको सहयोगमा हानि नोक्सानी पुनर्भरण गर्न सक्छन् । | स्थानीय तहले मात्रै प्रभावितको पुनर्लाभ गराउन सक्दैनन् । | प्रदेशले मात्रै प्रभावितको पुनर्लाभ गराउन सक्दैन । |
| विपद् प्रतिकार्य एवं आपत्कालीन सहायता सेवाको उपलब्धता (जनशक्ति उपकरण, सामग्री, भौतिक संरचना) | घटनाको सामना गर्न आवश्यक स्रोतहरू स्थानीय तहमा नै उपलब्ध छन् । | स्थानीय तहमा उपलब्ध छन्। थप आवश्यक भए स्थानीय तहले नै व्यवस्था गर्न सक्छ । | स्थानीय तहलाई आपत्कालीन सहायता आवश्यक पर्छ । | प्रदेशलाई संघको सहायता आवश्यक पर्छ । |
| सम्भावित प्रत्यक्ष वा अप्रत्यक्ष कास्केडिङ (अन्य प्रकोप उत्पन्न वा फैलिन सक्ने) असर | न्यून | मध्यम | उच्च | गम्भीर |
| संक्रामक सरुवा रोग फैलिने जोखिम | न्यून | मध्यम | उच्च | गम्भीर |
| अन्य सूचकहरू थप्न सकिनेछ । | | | | |
| विपद् प्रतिकार्यको नेतृत्व गर्ने प्राथमिक | स्थानीय तह | स्थानीय तह | प्रदेश | संघ |

| | | | | |
|---|---|---|---|---|
| जिम्मेवारी | | | | |
| सम्भावित सहयोग | जिल्ला विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति | संघ | अन्तरराष्ट्रिय आह्वान |

१०.७ .प्रतिकार्यव्यवस्थाको सक्रियता स्तर देहाय बमोजिम कायम हुनेछ।

| सक्रियताको स्तर | क्रियाकलापहरू (Activities) |
|---|---|
| सतर्कता (Alert) | कुनै पनि प्रतिकार्य कारबाही आवश्यक पर्दैन तर जिम्मेवारी क्षेत्रमा खतराको सम्भावना र कारणको मूल्याङ्कन गर्न सक्षम व्यक्तिद्वारा स्थितिको निगरानी गर्ने र सतर्कताको उच्च स्तर रहने। |
| अग्रगामी (leanforward) | यो अवस्था विपद् वा सम्भावित विपद्को अवस्था भएको हुँदा जिम्मेवार सरोकारवाला निकायहरू प्रतिकार्य समन्वय केन्द्रहरू उच्च सतर्कताको अवस्थामा रहने र प्रतिकार्यका लागि पूर्ण तयारी गर्ने तर परिचालित भई नहाल्ने। |
| Stand up कार्यारम्भ | यो अवस्थामा स्रोत साधन तथा जनशक्तिको पूर्ण रूपमा परिचालन गरी प्रतिकार्य पूर्ण सुचारु गर्ने। साथै सबै विपद् प्रतिकार्य समन्वय केन्द्र तथा उपकेन्द्रहरू समेत सक्रिय रूपमा प्रतिकार्यमा ऐक्यबद्ध भई खटिने छन्। |
| Stand down प्रतिकार्य सम्पन्न | प्रतिकार्य सञ्चालनपछिको संक्रमणकालीन अवस्थामा कुनै पनि जोखिम वा खतरा अवस्था नभएको सुनिश्चितता भएमा र/वा मुख्य व्यवस्थाहरू सामान्य स्थितिमा सुचारु भएमा प्रतिकार्य कार्यबाट फिर्ता हुने र पुनर्लाभिका लागि द्रुत कार्य सञ्चालन गर्ने । |

१०.८ प्रतिकार्यमा खटाउँदा वा खटिदा देहाय बमोजिमका विषयहरू विशेष ध्यान दिनु पर्नेछ।

१०.८.१.प्रतिकार्यमा क्षमताको मूल्यांकनः प्रतिकार्यमा आवश्यक पर्ने जनशक्ति,प्रयोग हुने उपकरण,बन्दोबस्तीका सामग्रीको स्रोत र भण्डारण,प्रभावित क्षेत्रको दूरी, स्थल/हवाईमार्ग अवस्था,पहुँच,लाग्ने समय,सम्भावित अवरोध तथा प्रभावित क्षेत्रका जनतासँगको सम्पर्क माध्यम यकिन गर्नु पर्नेछ ।

१०.८.२. दक्ष कर्मचारीको परिचालन:प्रतिकार्य टोलीमा खटिने सबै कर्मचारी,सुरक्षाकर्मी वा स्वयंसेवकहरू विशेष तालिमप्राप्त र दक्ष हुनु पर्दछ। यसरी खटिने सबै कर्मचारी,सुरक्षाकर्मी तथा स्वयंसेवकहरूलाई प्रतिकार्यमा लाग्न सक्ने अनुमानित समय र उनीहरूको सुरक्षाको विषयमा पूर्णरूपमा जानकारी भएको हुनु पर्दछ।

१०.८.३. प्रभावित क्षेत्रको जानकारी:प्रतिकार्य टोलीमा खटिने सबै कर्मचारी,सुरक्षाकर्मी तथा स्वयंसेवकहरूलाई खटिएर जाने क्षेत्र,पहुँच मार्ग,सम्पर्क गर्ने निकाय वा व्यक्ति,सबैभन्दा गम्भीर प्रभाव कहाँ पर्न गएको छ ?

प्रभावित मानिसहरू, कतिलाई खोज र उद्धारको आवश्यकता परेको छ ? आवश्यकता, प्राथमिकताहरू, विभिन्न उपकरणहरूको प्रयोग र दूरीको विषयमा पूर्ण जानकारी भएको हुनु पर्दछ।

१०.८.४. राहत वितरणको प्रक्षेपण: विपद्बाट प्रत्यक्ष रूपमा प्रभावित जनसंख्या, सुत्केरी, महिला, किशोरी, बालबालिका, आवश्यक पर्ने राहतका सामग्री र सोको आँकलन, राहत सामग्री संकलन, ढुवानी एवं वितरणबारे प्रारम्भिक रूपमा प्रक्षेपण गरी तयारी अवस्थामा रहने।

१०.८.५. सामान्यतया विपद् प्रतिकार्य अन्तर्गत विपद् वा विपद्पछिको समयमा आधारभूत सेवाहरूको पुनःस्थापना र भौतिक, सामाजिक र आर्थिक क्षतिको मर्मत सहित समुदायलाई सामान्य वा सामान्य अवस्थामा फर्काउनका लागि गरिने कार्यहरू पर्दछन्। विपद्को सूचना प्राप्त भएपछि विपद्को प्रभावकारी प्रतिकार्य गर्न, गराउन तपसिलमा उल्लिखित समयावधि र निकायहरूको नेतृत्वमा देहायबमोजिमका कार्यहरू सञ्चालन गर्नु पर्नेछ।

| समयावधि | सञ्चालन गर्नुपर्ने कार्यहरू | जिम्मेवार नेतृत्वदायी निकायहरू |
|---|---|---|
| ० समयदेखि बढीमा २ घण्टाभित्र | विपद्को सूचना उपलब्ध गराउने | जल तथा मौसम विज्ञान कार्यालय, महाकाली बेसिन, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, स्थानीय तह |
| | विपद् प्रतिकार्यको निर्देशन दिने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन समितिहरू |
| | खोज तथा उद्धार कार्यका लागि तत्काल निर्देशन दिने र सुरक्षानिकायहरू परिचालित हुने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विपद् व्यवस्थापन समितिहरू र सुरक्षानिकायहरू |
| | विपद्को यथार्थ सूचना, उद्धार कार्यमा भइरहेको प्रयासको जानकारी सर्वसाधारणका लागि प्रवाह गर्ने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सबै आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू |
| | विद्युतीय सञ्चारका एकैपटक स्वतः आपत्कालीन सन्देश आउने प्रणाली स्थापना गरी सञ्चालनमा ल्याउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC |

| समयावधि | सञ्चालन गर्नुपर्ने कार्यहरू | जिम्मेवार नेतृत्वदायी |
|---|---|---|

| | | निकायहरू |
|---|---|---|
| | विपद्को घटना र प्रभावित क्षेत्रको प्रारम्भिक विवरण तयार गरी सूचना प्रवाह गर्ने। यसरी प्रवाह गरिने प्रारम्भिक विवरणमा प्रभावित महिला, किशोरी तथा अन्य लक्षित वर्गलाई नछुटाई समावेश गर्ने। | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, सबै विपद् व्यवस्थापन समितिहरू |
| | प्रदेश विपद् कार्यकारी समितिको आपत्कालीन बैठक गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC |
| | प्रदेश विपद् आपत्कालीन कार्यसञ्चालन केन्द्रले आपत्कालीन स्थितिको कार्यसञ्चालन विधि (SOP) बमोजिम सक्रिय भई कार्य गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC |
| ०समयदेखि१०घण्टाभित्र | विपद्को जोखिम र पर्न सक्ने प्रभाव लगायतका विषयमा सर्वसाधारण जनता, एवं विशेषगरी महिला र लक्षित वर्गहरूलाई जानकारी गराउन उनीहरूको पहुँच भएको सञ्चारका माध्यम, रेडियो, टेलिभिजन, छोटकारी सूचना प्रणाली सेवाबाट तथ्यगत पूर्व चेतावनी, भए गरेका उद्धार कार्यको प्रयास तथा सार्वजनिक आह्वान विषयक सूचनाहरू प्रवाह गर्ने। साथै विपद्बाट देश भित्र र सीमापारी समेत प्रभाव पर्न सक्ने देखिएमा सीमापार र अन्तरराष्ट्रिय तहमा समेत नियमित रूपमा आवश्यकता अनुसार जानकारी गराउने। | प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू |
| | प्रदेश विपद् कार्यकारी समितिको बैठक बोलाउने | आन्तरिक मामिला तथा कानुन मन्त्रालय |
| ० समयदेखि २४ घण्टाभित्र | महामारी विपद्को अवस्थामा सर्वसाधारण मानिस, महिला तथा किशोरीहरूमा पर्न सक्ने प्रभाव सहितको महामारीको अवस्थाको जानकारी दिने तथा प्रतिकार्य प्रभावकारी रूपमा सञ्चालन गर्ने। | सामाजिक विकास मन्त्रालय/PHEOC |
| | पशुमा हुने महामारीका सम्बन्धमा व्यवस्थित गर्नका लागि निर्देश तथा समन्वय गर्ने। | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुसेवा विज्ञ केन्द्र, भेटेनरी अस्पताल |
| | आणविक, जैविक तथा रासायनिक प्रकृतिका प्रकोपको सम्बन्धमा जानकारी प्रवाह गर्ने र विपद् प्रभावितहरूको तत्काल उद्धार गर्ने। | सामाजिक बिकास मन्त्रालय र सबै सुरक्षानिकायहरू |
| | प्रदेश विपद् कार्यकारी समितिलाई विपद् प्रतिकार्यका लागि मुख्य समन्वय केन्द्रको रूपमा परिचालन गर्ने। संघीय सरकार संलग्न भएको अवस्थामा समितिले प्राधिकरणसँग प्रत्यक्ष समन्वय गरी | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक |

| | | |
|---|---|---|
| | प्रतिकार्यका क्रियाकलापहरू सञ्चालन गर्ने। | मामिला तथा कानुन मन्त्रालय र प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| | प्रदेशमा राहत वितरण समन्वय तथा सहजीकरण समिति तथा आवश्यकता अनुसार उपसमितिहरू गठन गरी सञ्चालनमा ल्याउने। यसरी गठन गरिने समिति तथा उपसमितिमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व अनिवार्य गर्ने र निर्णय प्रक्रियामा संलग्न गराउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै विपद् व्यवस्थापन समितिहरू |
| | विपद् पीडितहरूलाई तत्काल आश्रयस्थलमा पुऱ्याउन खोज तथा उद्धार समूहलाई परिचालन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै विपद् व्यवस्थापन समितिहरू |
| | विपद् पीडित घाइतेहरूका सम्बन्धमा तत्काल घटनास्थलमा उपचारको व्यवस्था मिलाउने। | समाजिक विकास मन्त्रालय/PHEOC, रेडक्रस अभियान |
| | एम्बुलेन्स सेवा, आपत्कालीन प्राथमिक उपचार र घाइतेका लागि, यातायातको व्यवस्था तत्काल मिलाउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, PHEOC |
| | सिकिस्त अवस्थाका घाइतेहरूलाई तत्काल उपचारका लागि अस्पताल पठाउने र उपचारको व्यवस्था मिलाउने। | सामाजिक विकास मन्त्रालय/PHEOC र सुरक्षानिकायहरूको खोज तथा उद्धार समूह |
| | विपद्संकटग्रस्त क्षेत्रको घोषणा गर्नुपर्ने अवस्था देखिएमा सोको कारण सहित संघीय विपद् कार्यकारी समितिमार्फत नेपाल सरकारमा अनुरोध गर्ने। | प्रदेश सरकार, मन्त्रिपरिषद् |
| | प्रदेशस्थित संयुक्त राष्ट्रसंघीय विषयगत क्षेत्र/निकायहरूलाई सक्रिय बनाउने। | प्रदेश सरकारको निर्णय, कार्यकारी समितिको अनुरोधमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम |
| | राष्ट्रिय तथा अन्तरराष्ट्रिय मानवीय सहायताका लागि प्रदेश विपद् परिषद्को सिफारिस सहित संघीय सरकारमा अनुरोध गर्ने । | विपद् व्यवस्थापन कार्यकारी समितिको |

| | | |
|---|---|---|
| | | अनुरोधमा प्रदेश विपद् व्यवस्थापन परिषद् |
| | राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई सूचना समन्वय तथा व्यवस्थापन केन्द्रको रूपमा सञ्चालन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै आपत्कालीन कार्य सञ्चालन केन्द्रहरू |
| | विमानस्थल सुरक्षा र नागरिक उड्डयन, ट्राफिक व्यवस्थापन गर्न संघीय सरकारमार्फत अनुरोध गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र नागरिक उड्डयन कार्यालय गेटा |
| | राष्ट्रिय राजमार्गको आवागमन सम्पर्कका लागि संघीय सरकारलाई र प्रदेशभित्र सडक आवागमन सम्पर्कको न्यूनतम व्यवस्थापन गर्ने। | भौतिक पुर्वाधार विकास मन्त्रालय, सडक डिभिजन कार्यालय |
| | विपद्बाट प्रभावितहरूलाई शीघ्रातिशीघ्र नजिकको आश्रयस्थल वा शिक्षण संस्थाहरूमा पठाई भीड व्यवस्थापन गर्ने। | सामाजिक विकास मन्त्रालय, सबै सुरक्षानिकायहरू र स्थानीय तह |
| | कूटनीतिक व्यक्ति, पर्यटक तथा अन्य विदेशी नागरिकहरूको शव व्यवस्थापन गर्न संघीय सरकारसँग समन्वय गरी प्राप्त निर्देशन बमोजिम व्यवस्थापन गर्ने। साथै प्रभावित क्षेत्रमा सञ्चार सम्पर्क र समन्वय गरी व्यवस्थापन कार्य गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, नेपाली सेना, नेपाल रेडक्रस सोसाइटी र अन्तरराष्ट्रिय संस्थाहरू |
| २४ देखि ४८ घण्टासम्म | खोज, उद्धार तथा राहत कार्यको प्रभावकारिता कायम राख्न मानवीय सहायता स्थललाई खोज, उद्धार तथा राहत सामग्रीको संकलन, भण्डारण र प्रभावित स्थलको वितरण कार्य सञ्चालनका लागि तत्काल क्रियाशील तुल्याउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC, नागरिक उड्डयन कार्यालयको मानवीय सहायता कक्ष, गेटा |
| | खोज, उद्धार तथा राहत सामग्रीहरूको ढुवानीको प्रबन्ध गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, यातायात व्यवस्था कार्यालय, स्थानीय तहहरू |
| | विपद् पीडित र प्रभावितका लागि आधारभूत स्वास्थ्य सेवा तथा खाद्य सामग्री उपलब्ध गराउने। | सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, |

| | | |
|---|---|---|
| | | कृषि तथा सहकारी मन्त्रालय, नेपाल खाद्य कम्पनी |
| | अन्तरराष्ट्रिय मानवीय सहयोग उपलब्ध गराउने समुदायका लागि हवाई तथा सडक मार्गबाट प्रवेश विन्दुमा प्रवेश तथा भन्सार छुट दिन संघीय सरकारलाई अनुरोध गर्ने र प्रदेश र स्थानीय तहमा लाग्ने सबै प्रकारका शुल्क छुट दिने व्यवस्था गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भन्सार कार्यालय, स्थानीय तहहरू |
| | राहत सामग्रीको ढुवानी र विपद्प्र भावितहरूलाई सहज रूपमा वितरण गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सबै आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू |
| | अस्पताल, स्वास्थ्य केन्द्र, आश्रयस्थल (महिला, बालबालिका अपांगमैत्री र सुरक्षित) तथा शिक्षण संस्था जस्ता आधारभूत क्षेत्रहरूमा विद्युत् सेवा उपलब्ध गराउने। | नेपाल विद्युत् प्राधिकरण, सबै विपद् व्यवस्थापन समितिहरू/स्थानीय तह |
| | विपद् प्रभावित क्षेत्रमा अस्थायी स्वास्थ्य केन्द्र/अस्पताल स्थापना गरी स्वास्थ्य सेवा उपलब्ध गराउने। | सामाजिक विकास मन्त्रालय/PHEOC |
| | अस्पताल, आश्रयस्थल, शिविर, औषधि वितरण केन्द्र तथा अन्य आवास क्षेत्रहरूमा खानेपानी, सरसफाइ र स्वास्थ्य प्रवर्धन सेवा उपलब्ध गराउने। | सामाजिक विकास मन्त्रालय/PHEOC, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, स्थानीय तह |
| | जैविक वा यस्तै प्रकारको ठोस तथा अन्य प्रकोपजन्य फोहरमैलाको समयमा उचित प्रबन्ध मिलाउने वा नष्ट गर्ने। | उद्योग, पर्यटन तथा वन वातावरण मन्त्रालय, सबै विपद् व्यवस्थापन समितिहरू |
| | भण्डारण गृह, आश्रयस्थल, शिविर, व्यक्तिगत आवास क्षेत्र, सेवाप्रदायक सार्वजनिक सम्पत्तिको सुरक्षा र कानुन कार्यान्वयन कार्यलाई प्रभावकारी बनाउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, रेडक्रस अभियान, सबै स्थानीय तहहरू |
| | विपद्बाट प्रभावित भएका व्यक्ति, परिवार, महिला, बालबालिका अपांग, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिकको नाम दर्ता गर्ने, पीडितहरूका लागि परिचयपत्र उपलब्ध गराउने र उक्त तथ्यांकको उचित सुरक्षाको प्रबन्ध गर्ने। | सबै विपद् व्यवस्थापन समितिहरू |
| | आपत्कालीन सञ्चारसेवाको प्रबन्ध गर्ने र यथाशीघ्र दूरसञ्चार | आन्तरिक मामिला तथा |

| | | |
|---|---|---|
| | सेवाको पुन:स्थापना गरी सेवा उपलब्ध गराउने। | कानुन मन्त्रालय, नेपाल टेलिकम धनगढी |
| ४८ देखि ७२ घण्टा भित्र | क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ्र प्रतिकार्य योजना तयार गर्ने। यसरी क्षतिको लेखाजोखा गर्दा महिला तथा लक्षित वर्गमा पर्न गएको क्षतिको विवरण समावेश भएको सुनिश्चित गर्ने। | सबै विपद् व्यवस्थापन समितिहरू |
| | अस्पताल, स्वास्थ्यकेन्द्र, विद्यालय, सडक, पुल-पुलेसा, विद्युत्, खानेपानी लगायत अन्य सेवाहरूको लेखाजोखा गर्ने कार्यको प्रारम्भ गर्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC |
| | घुऱ्यान (debris) तथा थुप्रिएर रहेका अन्य फोहरमैलाको व्यवस्थापन गर्ने। | सामाजिक विकास मन्त्रालय, नगरपालिका, सबै स्थानीय तहहरू, |
| | मरेका एवं सडेगलेका पशुपक्षीहरूको संकलन तथा उचित व्यवस्थापन गर्ने। | पशुविज्ञ केन्द्र र सबै विपद् व्यवस्थापन समितिहरू |
| | विपद् प्रभावितहरूको तत्काल खोज, उद्धार गरी आवश्यक आश्रयस्थल, खाद्यान्न, लत्ताकपडा सहित न्यूनतम मानवीय सामग्री र स्वीकृत मापदण्ड अनुसारको राहत रकम उपलब्ध गराउने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC, सबै विपद् व्यवस्थापन समितिहरू |
| ७२ घण्टादेखि ७ दिनभित्र | शव व्यवस्थापन निर्देशिका २०६८ (पहिलो संशोधन २०७६) बमोजिम शवको व्यवस्थापन, मृत्यु दर्ता प्रमाणपत्र जारी र मृतकका आफन्तलाई मापदण्ड अनुसारको आर्थिक सहयोग वितरण गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय,स्वास्थ्य निर्देशनालय/PHEOC |
| | विपद् प्रभावितस्थान, आश्रयस्थल, शिविरहरूमा राहत सामग्री वितरण गर्दा निष्पक्षता, तटस्थता तथा समावेशी सिद्धान्तको पालना गरी गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC, सामाजिक विकास मन्त्रालय |
| | महिला हिंसा हुन नदिन निगरानी राख्ने तथा बालबालिका, ज्येष्ठ नागरिक, अपांग तथा शारीरिक रूपमा अशक्त र असहाय व्यक्तिका लागि विशेष संरक्षणको व्यवस्था गर्ने। | सामाजिक विकास मन्त्रालय, |
| | विपद् प्रभावित क्षेत्रमा बहुक्षेत्र द्रुत लेखाजोखा कार्य प्रारम्भ गर्ने र विवरण संकलन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, रेडक्रस र स्थानीय तह |
| | विपद् प्रभावितहरूलाई तत्काल आश्रयस्थल तथा शिविरमा बस्नका लागि आवश्यक लत्ताकपडा, खाद्य र गैरखाद्य सामग्री वितरण गर्ने। यसरी सामग्री वितरण गर्दा महिला, सुत्केरी, गर्भवती, किशोरी तथा | सामाजिक विकास मन्त्रालय/PHEOC, नेपाल प्रहरी, रेडक्रस अभियान |

| | | |
|---|---|---|
| | बच्चाबच्ची (infant) लाई आवश्यक पर्ने सामग्री वितरणमा समेत विशेष ध्यान दिने। | |
| ७ दिनदेखि दुई साताभित्र | खुला क्षेत्र पहिचान वा घोषणा गरिएका स्थानहरूमा आश्रयस्थल तथा शिविर सञ्चालन गर्ने। | भौतिक विकास पूर्वाधार मन्त्रालय र स्थानीय तहहरू |
| | आश्रयस्थल तथा शिविरका बालबालिकामा हुन सक्ने कुपोषणको रोकथाम गर्न उपयुक्त पोषणरहितको खाद्य सामग्रीको वितरण गर्ने। | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | आश्रयस्थल,शिविर र खुला क्षेत्रहरूमा खुला दिसापिसाब वा अन्य माध्यमबाट सर्न सक्ने सरुवा रोगको नियन्त्रण गर्ने। | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | मानवीय कार्यका लागि भएको प्रतिकार्य तथा उद्धार कार्यको अनुगमन गर्ने तथा गरिएको कार्यको प्रतिवेदन तयार गर्ने। | प्रदेश विपद् कार्यकारी समिति र विपद् व्यवस्थापन समितिहरू |
| | विपद् प्रभावित संकटासन्न समूहका लागि स्वच्छ र सुरक्षित वातावरणको व्यवस्था गर्ने। साथै सम्भव भएसम्म छुट्टाछुट्टै शिविर एवं शौचालयको व्यवस्था गर्ने र लैंगिक हिंसा (GBV) नियन्त्रण गर्न विशेष ध्यान दिने। | सामाजिक विकास मन्त्रालय, स्थानीय प्रशासन, सुरक्षानिकायहरू र स्थानीय तह |
| | मानसिक तनावमा परेका व्यक्ति वा समूहलाई मनोसामाजिक परामर्श तथा अन्य आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने। | सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय/PHEOC |
| | परिवारसँग बिछोडिएका बालबालिकाहरूलाई परिवारसँग मिलन गराउने र परिवार गुमाएका वा एकल बालबच्चाको उचित स्याहार र पालनपोषण व्यवस्था मिलाउन नजिकको आफन्तलाई बुझाउने। | सामाजिक विकास मन्त्रालय/PHEOC, नेपाल रेडक्रस सोसाइटी |
| २सातादेखि१महिनाभित्र | विपद् प्रभावितहरूलाई स्वीकृत मापदण्ड बमोजिम लत्ताकपडा, खाद्यान्न र नगद सहयोग उपलब्ध गराउने। | प्रदेश/जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति |
| | बन्द भएका शिक्षण संस्थाहरू खुलाउने र विद्यार्थीहरूलाई विद्यालय आउने वातावरण तयार गरी पठनपाठनलाई सामान्य अवस्थामा फर्काउने। | सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरू |
| | आश्रयस्थल तथा शिविरमा उपचार सेवा,विद्यालय,उपभोग्य वस्तु र सार्वजनिक सेवा सञ्चालन र सुरक्षाको प्रबन्ध गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, |

| | | |
|---|---|---|
| | | सम्बन्धित महाशाखा र स्थानीय तहहरू |
| | तत्कालीन पुनःस्थापनाका लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी बसोवास र तत्कालको जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रका विकास कार्यलाई अगाडि बढाउने वातावरण तयार गर्ने। | मुख्य मन्त्री कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सम्बन्धित महाशाखा र स्थानीय तहहरू |
| | विपद् प्रभावितहरूको खोज, उद्धार तथा राहत, आश्रयस्थल तथा शिविर सञ्चालन र तत्कालीन पुनर्लाभका क्रियाकलापहरूको विश्लेषण सहितको प्रतिवेदन तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय/PEOC |

भाग - ३

११. विपद् प्रतिकार्य पूर्वतयारी कार्ययोजनाः

विपद् जोखिम तथा न्यूनीकरण व्यवस्थापनको मुख्य उद्देश्य (१) विपद् जोखिमबाट हुन सक्ने हानि नोक्सानी घटाउने वा हानि नोक्सानीबाट जोगाउने; (२) विपद् पीडितहरूलाई तुरुन्त सहयोगको सुनिश्चितता प्रदान गर्ने र (३) द्रुत र प्रभावकारी पुनर्लाभको कार्यसञ्चालन गरी स्थितिलाई सहज र सामान्य बनाउनु रहेको हुन्छ। उक्त कार्यहरू गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका प्रमुख चरणहरू विपद्को रोकथाम, जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ रहेका छन्। उल्लिखित चरणहरूमध्ये पूर्वतयारी कार्ययोजना महत्वपूर्ण चरण हो। प्रभावकारी प्रतिकार्यका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा छुट्टाछुट्टै विपद्पूर्वतयारी कार्ययोजना तर्जुमा र कार्यान्वयनको आवश्यकता पर्दछ।

११.१. प्रदेशविपद् पूर्वतयारी कार्ययोजनाः

प्रदेश विपद् प्रतिकार्यलाई सक्रिय र प्रभावकारी बनाउन देहाय बमोजिमका निकायहरूले तपसिल बमोजिमको आ-आफ्नो पूर्वतयारी कार्ययोजना बनाउनु पर्नेछ।

| क्र. सं. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | प्रदेश पूर्वचेतावनी प्रणालीका लागि रणनीतिक योजना तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | जल तथा मौसम विभाग, फिल्ड कार्यालय, अत्तरिया | ६ महिना |
| २ | प्रदेश अन्तर्गत विपद्को सूचना एकैपटक सरोकारवाला सबै निकायहरूमा सम्प्रेषण गर्न छुट्टै एप्स (Apps) को व्यवस्था गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी | ६ महिना |
| ३ | विपद्पोर्टलमा पूर्व तयारीका लागि गरिएका आवश्यक सम्पूर्ण विवरणहरू अद्यावधिक गरी राख्ने । | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र | ६ महिना |
| ४ | प्रदेश अन्तर्गत द्रुत प्रतिकार्य टोलीको व्यवस्था गर्ने र उक्त टोली कुनै पनि समयमा परिचालन गर्न सक्ने गरी तयारी अवस्थामा राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै सुरक्षानिकायहरू र सबै सरोकारवाला निकायहरू | ६ महिना |
| ५ | प्रदेशभित्र रहेका सबै इन्धन भण्डारण | नेपाल आयल निगम, | उद्योग, पर्यटन, वन | ६ महिना |

| | | | | |
|---|---|---|---|---|
| | डिपोहरूमा कम्तिमा पनि ३ महिनाका लागि इन्धन भण्डारण गरी राख्ने। | धनगढी डिपो | तथा वातावरण मन्त्रालय र Petrolium Dealer Association | |
| ६ | प्रदेशका लागि आपत्कालीन सञ्चार आचारसंहिता बनाई स्वीकृत गराई राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | पत्रकार महासंघ, PEOC, DEOC र LEOC | ६ महिना |
| ७ | प्रदेश, जिल्ला र स्थानीय तहमा आपत्कालीन सञ्चार प्रणालीको स्थापना गरी संवेदनशील र लक्षित स्थानमा प्रसारण गराउने र वैदेशिक सञ्चारमाध्यमहरूसँग समेत समन्वय र सहकार्य गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | पत्रकार महासंघ, रेडियो/एफएमहरू PEOC र DEOC | ६ महिना |
| ८ | विपद्को प्रभावकारी प्रतिकार्यका लागि प्रदेश, जिल्ला र स्थानीय तहमा भएका स्रोत-साधनको सूची एवं भण्डारण अद्यावधिक गरी, गराई राख्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | ६ महिना |
| ९ | विपद्को तत्काल प्रभावकारी प्रतिकार्य गर्न खोज, उद्धार राहतका गैरखाद्य सामग्री तथा औषधिको भण्डारण व्यवस्थापन गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र PEOC | सबै सुरक्षानिकायहरू, नेपाल रेडक्रस सोसाइटी र अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरू | १ वर्ष |
| १० | विपद्को प्रभावकारी प्रतिकार्यका लागि प्रदेशस्थित विषयगत क्षेत्रहरूले आपत्कालीन योजना (contingency plan) तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय र PEOC | मन्त्रालयका विपद् शाखा, UN Agencies, INGOs, | १ वर्ष |
| ११ | प्रदेश मन्त्रालय, विभाग, कार्यालय, सेवा | आन्तरिक मामिला | आन्तरिक मामिला | ६ |

| | | | | |
|---|---|---|---|---|
| | प्रदायक संघ-संस्था, शैक्षिक र सेवामूलक निकाय र व्यावसायिक प्रतिष्ठानहरूले विपद्को समयमा पनि व्यावसायिक सेवाको कार्ययोजना (Contengency businessplan) बनाउने। | तथा कानुन मन्त्रालय | तथा कानुन मन्त्रालय, PEOC, | महिनाभित्र |
| १२ | संघीय सरकारसँग समन्वय गरी धनगढी विमानस्थलको विपद् प्रतिकार्ययोजना (Action Plan) तयार गर्ने र प्रतिकार्यका लागि वैकल्पिक विमानस्थलको रूपमा अन्य विमानस्थलको क्षमता विस्तार गर्ने। विमानस्थलमा आवश्यक उपकरण र अन्य स्रोत-साधन एवं सामग्रीहरू तयारी अवस्थामा राख्ने। | नेपाल नागरिक उड्डयन प्राधिकरण | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, PEOC, सबै सुरक्षानिकायहरू, विषयगत क्षेत्र, कुरियर तथा सञ्चार सेवाप्रदायक संस्था, नेपाल वायुसेवा सञ्चालक संघ | १ वर्षभित्र |
| १३ | विपद्को समयमा सहज रूपमा प्रतिकार्य गर्न र खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन...... | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै सुरक्षानिकायहरू | १ वर्षभित्र |
| १४ | विपद्पूर्व तयारी तथा प्रतिकार्यका सम्बन्धमा अन्तरराष्ट्रिय सहयोग प्राप्त हुने अवस्थामा त्यसका लागि तत्काल गर्नुपर्ने प्रक्रियागत व्यवस्थापनका लागि संघीय सरकारसँग समन्वय गरी निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, क्षेत्रगत अगुवा निकाय | १ वर्षभित्र |
| १५ | सुरक्षानिकायहरूले निर्दिष्ट मापदण्ड बमोजिम दमकल सहितको विपद् व्यवस्थापनका यथेष्ट सामग्रीयुक्त जनशक्ति सहितको टोली तयारी अवस्थामा राख्ने। | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, स्थानीय तह, प्रदेश, जिल्ला र स्थानीय आपत्कालीन | १ वर्षभित्र |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यसञ्चालन केन्द्र | |
| १६ | विपद् प्रतिकार्यका लागि अन्तरराष्ट्रिय खोज तथा उद्धार कार्यमा सहयोग गर्न विभिन्न मित्र राष्ट्रबाट आउने सेना परिचालन गर्ने सम्बन्धमा संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले गर्नुपर्ने सहजीकरण कार्य सहितको निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | सबै सुरक्षानिकायहरू, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र | १ वर्षभित्र |
| १७ | विपद् प्रभावित स्थानको स्थलगत कार्यसञ्चालन केन्द्र र बहुराष्ट्रिय सेना समन्वय केन्द्रका बारे संघीय सरकारबाट तयार गरिएको कार्यसञ्चालन विधि अनुसार प्रदेश सरकारले निर्वाह गर्नुपर्ने सहजीकरण कार्यसूची तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, सबै सुरक्षानिकायहरू, अन्तरराष्ट्रिय सहयोगी निकायहरू | १ वर्षभित्र |
| १८ | अन्तरराष्ट्रिय मानवीय उद्धारकर्मी तथा सहायता समूहको आगमन, कार्यसञ्चालन शेष सामग्री सहितको बहिर्गमनका लागि संघीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले सहजीकरण गर्नुपर्ने कार्यको निर्देशिका तयार गर्ने। | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | आर्थिक मामिला मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षानिकायहरू, नेपाल रेडक्रस सोसाइटी, अन्तरराष्ट्रिय सहयोगी निकायहरू | १ वर्षभित्र |
| १९ | विपद् प्रतिकार्यका लागि गरिने सबै प्रकारका कार्यहरूको अनुगमन तथा मूल्यांकनका लागि आवश्यक विधि तथा मापदण्ड तयार गर्ने। यसरी तयार गरिने विधि र मापदण्डमा खण्डीकृत तथ्यांकमा महिला तथा लक्षित वर्गमा परेको असर र पाएको राहत समेतलाई सम्बोधन गर्ने । | प्रदेश कार्यकारी समिति, | आर्थिक मामिला मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षानिकायहरू, | १ वर्षभित्र |
| २० | राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी विपद् | प्रदेश कार्यकारी | आन्तरिक मामिला | १ वर्षभित्र |

| | | | | |
|---|---|---|---|---|
| | प्रभावितका लागि प्रदेश राहत वितरण मापदण्ड निर्माण गर्ने। | समिति, | तथा कानुन मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षानिकायहरू, | |
| २१ | विपद्को कारण अवरुद्ध भएका विद्युत् सेवा प्रतिकार्यको समयमा तत्काल सुचारु गर्न कार्ययोजना तर्जुमा गर्ने। | नेपाल विद्युत् प्राधिकरण, प्रदेश कार्यालय | भौतिक पूर्वाधार मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, | १ वर्षभित्र |
| २२ | विपद्को समयमा जोखिममा परेका घरपालुवा पशुपक्षीको उद्धार गर्ने र तिनीहरूको उचित व्यवस्थापन गर्न कार्ययोजना तर्जुमा गर्ने। यसरी उद्धार गरिएका घरपालुवा पशुपक्षीको संख्या, पशुधनीको आर्थिक अवस्था समेतको विवरण संकलन गरी अद्यावधिक गरी राख्ने। | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, | १ वर्षभित्र |
| २३ | विपद्को समयमा राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा चिडियाखानाबाट वन्यजन्तु बाहिर निस्किएर गर्नसक्ने मानवीय क्षति रोक्न, जोखिममा परेका र घाइते वन्यजन्तुको उद्धार र उपचार गर्न कार्ययोजना तर्जुमा गर्ने। | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, | १ वर्षभित्र |
| २४ | विपद्को कारण मृत्यु भएका घरपालुवा र वन्यजन्तुको उचित व्यवस्थापन गर्ने योजना तर्जुमा गर्ने। | स्थानीय निकाय | आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, जिल्ला आपत्कालीन | १ वर्षभित्र |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यसञ्चालन केन्द्र, | |

१२ .जिल्ला तथा स्थानीय विपद् प्रतिकार्य कार्ययोजनाः

जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्बाट स्वीकृत राष्ट्रिय नीति, कार्ययोजनाको मार्गदर्शन तथा प्रदेश विपद् व्यवस्थापन परिषद्को निर्णय एवं जिल्ला तथा स्थानीय क्षेत्रमा विपद् जोखिमको अवस्थाको आँकलन गरी छुट्टाछुट्टै प्रतिकार्य योजना बनाई लागु गर्न सक्नेछन्।

१३. प्रदेश-प्रदेशबीचको समान्वय, सहकार्य र सहजीकरणः

नेपालको संविधानको धारा २३३ ले प्रदेश-प्रदेशबीच सम्बन्धको व्यवस्था गरेको छ। उक्त धाराको उपधारा (१) मा एक प्रदेशले अर्को प्रदेशको कानुनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नुपर्ने उल्लेख गरिएको छ। यसैगरी उपधारा (२) मा एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयहरूमा सूचना आदानप्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ भनी व्यवस्था समेत गरेको देखिन्छ। विपद्को समयमा प्रतिकार्यका लागि एक प्रदेशले अर्को प्रदेशसँग समन्वय, सहकार्य र सहयोगको आदानप्रदान गर्दा प्रदेशका प्रमुख सचिवमार्फत अनुरोध गर्नु पर्नेछ। यसरी सहयोगका लागि गरिएको अनुरोधको जानकारी यथाशक्य छिटो नेपाल सरकारका मुख्य सचिव, गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई गराउनुपर्नेछ। प्रदेश-प्रदेशबीचको समन्वय, सहकार्य र सहजीकरणको ढाँचा अनुसूची-५ मा उल्लेख गरिए बमोजिम हुनेछ।

१४. आदेश तथा निर्देशनको पालनाः

यो प्रदेश विपद् प्रतिकार्य कार्यढाँचाको कार्यान्वयन गर्दा, गराउँदाको समयमा नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्, कार्यकारी समिति एवं राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले दिएको आदेश तथा निर्देशनलाई पालना गर्नु, गराउनु प्रतिकार्यमा संलग्न हुने सबै निकायहरूको कर्तव्य हुनेछ। प्रदेशको हकमा प्रदेश कार्यकारी समितिले दिएको निर्देशनलाई प्रदेशस्थित सबै निकायहरूले पालना गर्नु पर्नेछ ।

## सन्दर्भ सामाग्रीहरु



1. Constitution of Nepal
2. Chaulagain D. (2022). cited in Disaster Profile of Sudurpashchim Province, UNDP, Nepal.
3. (DPRP report, 2016).
4. https://reliefweb.int/report/nepal
5. https//reliefwin Robinson et al. eb.int
6. (https://www.xotkari.com/;)
7. https://myrepublica.nagariknetwork.com).
8. Jimee. G. K., Kimiro. Meguro. K. and Dixit. A.M. (2019). Nepal, a multi-hazard risk country: Spatio-temporal analysis. Journal of Nepal Geological Society, 2019, vol. 58 (Sp. Issue), pp. 145–152, DOI: https://doi.org/10.3126/jngs.v58i0.24599.
9. MoHA. (2018). Disaster Risk Reduction National Strategic Plan of Action (2018-2030). Ministry of Home Affairs, Kathmandu, Nepal.
10. MoHA. (2018a). National Policy for Disaster Risk Reduction 2018, Ministry of Home Affairs, Kathmandu, Nepal.
11. MoHA (2017). Nepal Disaster Report 2017. Ministry of Home Affair, Kathmandu, Nepal.
12. MoHA. (2013). National Disaster Response Framework, 2013
13. MoHA and UNDP . (2017). National Disaster Report. Kathmandu, Nepal.
14. MoE. (2010). National Adaptation Programme of Action to Climate Change, Ministry of Environment, Kathmandu, Nepal.
15. MoST. (2015). Nepal Earthquake 2015 Rapid Environmental Assessment, Ministry of Science, Technology and Environment, Kathmandu Nepal.
16. MoHA (2009). Disaster Risk Management Strategy 2009
17. Ministry of Internal and Law (2075). Province Disaster Risk Reduction and Management Act, 2075.
18. Nepal Law Commission. (2017). Disaster Risk Reduction and Management Act, 2017. Nepal law Commission, Kathmandu Nepal.
19. NPC (2015). Post Disaster Needs Assessment, 2015, NPC, Singhdurbar, Kathmandu, Nepal
20. NSET. (2018). Nepal DesInventar database, Kathmandu, Nepal.
21. Ministry of internal Affairs and Law (2018). Province Disaster Management Strategy 2075, Far western Province, Dhanagadhi
22. ttps://www.nset.org.np ›.
23. Sendai Framework for Disaster Risk Reduction 2015-2030. 9-11 Rue de Varembé CH 1202, Geneva Switzerland.
24. www.indiatvnews.com

## अनुसूचीहरु

### अनुसूची १: समीक्षा गरिएका दस्तावेजहरूको सूची (A list of the documents reviewed)



- Constitution of Nepal
- Disaster Profile of Sudurpashchim Province, UNDP, Nepal.
- Jimee. G. K., Kimiro. Meguro. K. and Dixit. A.M. (2019). Nepal, a multi-hazard risk country: Journal of Nepal Geological Society, 2019, vol. 58 (Sp. Issue), pp. MoHA. (2018). Disaster Risk Reduction National Strategic Plan of Action (2018-2030). Ministry of Home Affairs, Kathmandu, Nepal.
- Local governance Act 207
- MoHA. (2018a). National Policy for Disaster Risk Reduction 2018, Ministry of Home Affairs, Kathmandu, Nepal.
- Nepal Disaster Report 2017. Ministry of Home Affair, Kathmandu, Nepal.
- National Disaster Response Framework, 2013
- MoHA and UNDP . (2017). National Disaster Report. Kathmandu, Nepal.
- National Adaptation Programme of Action to Climate Change, Ministry of Environment, Kathmandu, Nepal.
- Nepal Earthquake 2015 Rapid Environmental Assessment, Ministry of Science, Technology and Environment, Kathmandu Nepal.
- Province Disaster Risk Reduction and Management Act, 2075.
- Disaster Risk Reduction and Management Act, 2017. Nepal law Commission, Kathmandu Nepal.
- Nepal DesInventar database, Kathmandu, Nepal.
- Sendai Framework for Disaster Risk Reduction 2015-2030. 9-11 Rue de Varembé CH 1202, Geneva, Switzerland.

अनुसूची २: प्रदेश विपद्कार्यकारी समितिबाट अन्तरराष्ट्रिय निकायहरूले गर्ने प्रतिकार्यको समन्वय, सहजीकरण र सहकार्य सामान्यतया देहाय बमोजिम हुनेछ।




स्रोत: गृहमन्त्रालय, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ (केही परिमार्जित)


अनुसूची- ३: प्रभावित स्थान कार्यसञ्चालन (on-site Operation Coordination Center) र बहुराष्ट्रिय सैनिक समन्वय केन्द्र (Multy National Military Coordination Center) सँग समन्वय र सम्पर्क



Note:

1. Province Emergency Operation Centre (PEOC) will contact Pritana NACRIMAC (Nepal Army Divisional Crisis Management Center)
2. Pritana/Division HQ will contact District Command Post for coordination and operationalization of Multinational Military Humanitarian Assistance (International SAR Teams, Medical Teams, Air Operation, etc.) through Sub MNMCC which will be established at the district level.
3. OSOCC (On-Site Operations Coordination Centre)
4. MoIA&L (Ministry of Internal Affairs and Law)
5. Red Rross and Red Cricient Society (RCRC Movement)

## अनुसूची -४: प्रदेशमा विपद् व्यवस्थापन समन्वय कार्यढाँचा



अनुसूची - ५: प्रदेश-प्रदेशबीचको समन्वय, सहकार्य र सहजीकरण

